# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily






वर्ष ८ अंक १६९ २१ पुष २०७९ बिहीबार 05 January 2023 Thursday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ


# अत्यधिक चिसो बढेपछि विद्यालय बन्द



कपिलवस्तु २० पुस

शीतलहरसँगैं अत्यधिक चिसो बढेपछि कपिलवस्तुमा बाणगंगा बाहेक अन्य पलिकाका सामुदायिक विद्यालयमा बिदा दिइएको छ। चिसो बढेपछि जिल्लाका पालिकाहरुले सूचना प्रकाशित गर्दै हाललाई पठनपाठन बन्द गरिएको जनाएका छन्। बाणगंगा नगरपालिकाले भने विहिवार देखि परिक्षा सञ्चालन गर्ने भएको छ। परिक्षा पछि शैक्षिक क्यालेन्डर अनुसार विद्यालय बन्द हुने बाणगंगा नगरपालिका शिक्षा शाखा प्रमुख खिम बहादुर जि।सि।ले बताए। उनले भने 'परीक्षा एक दुई घण्टा चल्छ परीक्षा पछि विद्यार्थी हरु घरमै बसेर पढ्ने हो।' यस्तै बुद्धभुमी नगरपालिका, र कृष्णनगर नगरपालिकाले जाडो विदाको सुचना अझैसम्म निकालेका छैनन्।

यस्तै कपिलवस्तु र महाराजगञ्ज नगरपालिका तथा मायादेवी, यशोधरा र विजयनगर गाउँपालिकाले बिद्यालय बन्द गरेका छन्। शिवराज नगरपालिकाले १४ दिनका लागि सबै विद्यालयमा बिदा दिएको छ। शिवराज नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत पूर्ण विश्वकर्माले नगरभित्रका सबै सामुदायिक विद्यालय आगामी माघ आठ गतेसम्मका लागि बन्द गरिएको जानकारी दिए। यस्तै कपिलवस्तु नगरपालिकामा आठ दिन, महाराजगञ्ज नगरपालिकामा १२ दिन, मायादेवी गाउँपालिकामा आठ दिन, यशोधरा गाउँपालिकामा आठ दिन, विजयनगर गाउँपालिकामा सात दिन तथा शुद्धोधन गाउँपालिकाका विद्यालयमा नौ दिन बिदा दिइएको छ।

## शीतलहरका कारण खजुराका विद्यालय बन्द




नेपालगञ्ज २० पुस

शीतलहर शुरु भएपछि बढेको अत्यधिक चिसोले बाँकेको खजुरा गाउँपालिकाले पालिकाभित्रका सबै विद्यालयहरु तीन दिनका लागि बन्द गरेको छ। अत्यधिक चिसोका कारण बालबालिकाहरु बिरामी पर्न थालेपछि विद्यालय बन्द गरिएको गाउँपालिकाले जनाएको छ।

खजुरा गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर बिकले शीतलहर तथा हुस्सुका कारण अत्यधिक चिसो बढेपछि पुस २० गतेदेखि २३ गतेसम्म लागि पालिकाभित्रका सबै विद्यालय बन्द गरिएको बताउनुभयो। चिसोले बालबालिकालाई विद्यालय जान कठिन भएको अभिभावकले जानकारी गराएर बिदाको माग गरेपछि तीन दिन सबै विद्यालय बन्द गरिएको उहाँको भनाइ छ। सोही प्रकार जिल्लाका अन्य पालिकामा पनि विद्यालय बन्द गर्नुपर्ने माग अभिभावकले गरेका छन्।

केही दिन यता चिसो अत्यधिक बढेकाले बालबालिकालाई विद्यालय पठाउन नसकिने जनाउँदै नेपालगञ्ज -११ का मुबारक सिद्दिकीले विद्यालय केही दिन बन्द गर्नुपर्ने माग गर्नुभयो। चिसो बढे पनि उपमहानगरपालिकाले आगो ताप्ने कुनै व्यवस्था नगरेकाले स्थानीय पीडित बनेको पनि गुनासो गर्नुभयो।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राष्ट्र बैंक मार्गदर्शन संशोधन गर्न तयार

## ❖ व्यसायीको आन्दोलन सफल




कपिलवस्तु, २० पुस

चर्को दबाबपछि नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ संशोधन गरेको छ। गत कात्तिक १ गतेदेखि लागु भएको यो मार्गदर्शन कार्यान्वयनमा सहजीकरण होस् भनेर संशोधन गरिएको राष्ट्र बैंकले जनाएको हो।

चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधनका लागि सरकार र राष्ट्र बैङ्कलाई निजी क्षेत्रबाट चर्को दबाब थियो। मार्गदर्शन विरुद्धमा उद्योगी व्यवसायीले लुम्बिनी प्रदेशमा पनि आन्दोलन गरेका थिए। कपिलवस्तु जिल्लाको कपिलवस्तु उद्योग वाणिज्य संघ, रुपन्देहीको बुटवल उद्योग वाणिज्य संघ, रुपन्देही उद्योग संघ, रुपन्देही व्यापार संघ, उद्योग व्यापार संघ बुटवल, होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ, सिद्धार्थ उद्योग बाणिज्य संघ र उद्योग व्यापार संगठन रुपन्देही लगायतका संस्थाहरुले आन्दोलन स्वरुप धर्ना, विरोध र्‍याली जस्ता कार्यक्रम गरेका थिए। यस्तै लुम्बिनी प्रदेशका अन्य जिल्ला लगाएत देश भरका संघ सस्था तथा व्यवसयिहरुले चर्को आन्दोलन गरेका थिए।

राष्ट्र बैंकले मार्गदर्शन कार्यान्वयन सम्बन्धमा के-कस्तो अप्ठ्यारा छन् भनेर बैङ्क तथा वित्तीय संस्थाहरूबाट सुझाव लिएको थियो। विभिन्न क्षेत्रबाट आएका सुझावलाई हेरेर मार्गदर्शन संशोधन गरिएको प्रवक्ता गुणाकर भट्टले जानकारी दिनुभयो। मुख्य गरी चालु पुँजी कर्जाको समयसीमा र कर्जा रकमको सीमा व्यवस्थापनसँग सम्बन्धित विषयमा संशोधन भएको उहाँको भनाइ छ।

राष्ट्र बैङ्कको बैङ्क तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले संशोधित मार्गदर्शनले मुख्य गरी पुरानो कर्जालाई पुनः कर्जा र पुनः तालिकीकरण नगर्ने तथा आवधिक कर्जा मानेर भुक्तानी गर्न सकिने गरी नयाँ प्रावधान ल्याइएको बताउनुभयो।

"कुनै ऋणीको यो मार्गदर्शन लागु हुनुभन्दा पहिलेको ऋणलाई विभिन्न कर्जा शीर्षकमा मिलान गर्नुपर्ने भएमा त्यसलाई पुनः तालिकीकरण तथा पुनः संरचना भएको मानिने छैन। त्यसका लागि छुट्टै वर्गीकरण र 'प्रोभिजनिङ' गर्नु नपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।" उहाँले भन्नुभयो। चालु पुँजी कर्जा मार्गदर्शनले भनेका शीर्षकमा कर्जा मिलान गर्दा थप भार नपर्ने गरी व्यवस्था गरिएको उहाँको छ।

यो मार्गदर्शन कार्यान्वयनमा आउनुभन्दा अघि कुनै ऋणीले साबिकको व्यवस्थाअनुसार तोकिएको सीमाभन्दा अधिक कर्जा उपयोग गरिरहेको भएमा त्यस्तो ऋणलाई आवधिक कर्जाका रुपमा कायम गरेर समायोजन गर्न सकिने राष्ट्र बैंकले जनाएको छ।

त्यसरी समायोजनपछि कायम हुन आउने आवधिक कर्जालाई पाँच वटा किस्तामा भुक्तान गर्नुपर्ने र त्यसको समयावधि २०८० असारदेखि शुरु भएर २०८२ असार मसान्तसम्म रहनेछ। तोकिएको सीमाभन्दा बढीको कर्जालाई आवधिक कर्जा मानेर यो समयभित्र भुक्तानी गर्न सकिने व्यवस्था संशोधित मार्गदर्शनमा राखिएको तर कुनै ऋणीले २०८२ असार अघि नै सबै ऋण भुक्तानी गर्न चाहेमा अग्रिम भुक्तानी शुल्क (प्रिपेमेन्ट चार्ज) नलिने पनि राष्ट्र बैंकले जनाएको छ।

यसरी कर्जा समायोजन गर्दा बैङ्क तथा तथा वित्तीय संस्थाको 'पोर्टफोलियो' कति समायोजन भयो वा यो मार्गदर्शनअनुसार कति ऋणीको ऋण समायोजन भयो भन्ने तथ्याङ्कको मासिक रुपमा विवरण राष्ट्र बैङ्कलाई बुझाउनुपर्नेछ।

त्यस्तै, यसअघि "समग्र बैङ्किङ प्रणालीबाट कूल रु ५० लाख वा सोभन्दा कम चालू पुँजी कर्जा उपयोग गर्ने कर्जाको हकमा यो मार्गदर्शनको व्यवस्था अनिवार्य हुने छैन", भन्ने व्यवस्था रहेकोमा त्यसलाई बढाएर रु १ करोड वा सोभन्दा कम चालु पुँजी कर्जा उपयोग गर्ने ऋणीका हकमा यो व्यवस्था कार्यान्वयन नहुने व्यवस्था राखिएको छ।

त्यसैगरी, बैङ्क तथा वित्तीय संस्थाले 'पर्मानेन्ट क्यापिटल निड' को लागि कम्तीमा पाँच वर्षको आवधिक प्रकृतिको कर्जा प्रदान गर्न सकिने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरेर तीनदेखि १० वर्षसम्मको आवधिक कर्जा प्रदान गर्न सकिने व्यवस्था ल्याइएको छ। तीनदेखि १० वर्षसम्मको अवधिभन्दा पहिल्यै कर्जा भुक्तानी गर्न चाहने ऋणीका लागि प्रिपेमेन्ट चार्ज नलिने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ।

चालु पुँजी प्रयोजनको आवधिक कर्जाको सीमा निर्धारण गर्दा कम्तीमा पाँच वर्षको अनुमानित वित्तीय विवरण लिनुपर्ने व्यवस्था रहेकामा अहिले त्यसलाई तीन वर्ष बनाइएको छ।

त्यस्तै बैङ्क तथा वित्तीय संस्थाहरूले कर्जा सीमा अनुमान गर्दा आफ्नो सञ्चालन खर्च एवं अनुमानित कोष प्रवाहलाई समेत आधारमा रुपमा लिन सक्नेछन्। चालु पुँजी कर्जाको अनुगमन तथा व्यवस्थापनसम्बन्धी व्यवस्थामा पनि संशोधन गरिएको छ।

बैङ्क तथा वित्तीय संस्थाले कम्तीमा तीन महिनामा एक पटक चालु सम्पत्ति र चालु दायित्वको निरीक्षण र वर्षको एकपटक अनिवार्य आकस्मिक निरीक्षण गरी सोको प्रतिवेदन कर्जा फाइलमा अद्यावधिक राख्नुपर्ने व्यवस्था रहेकोमा त्यसलाई संशोधन गरिएको हो।



## सम्पादकीय

# आदेश र अवज्ञा

*निर्देशन अर्थात् आदेश ! दिनेले विधि पुऱ्याएर दिए पालन गर्नुपर्नेले पनि गर्छन् । विधि र प्रक्रिया पुऱ्याएर नदिए अवज्ञा हुन्छ भन्ने विषय दिनेले बुझ्नुन् । प्रधानमन्त्री होउन वा अरु जुनसुकै निकाय, जस्ले पनि आदेश दिदा विचार र प्रक्रिया नपुऱ्याइकन दिए पालन हुँदैन भन्ने प्रमाण हो मोवाइल काण्ड । विदेशिएका नेपालीले नेपाल आउँदा प्रयोग गरिरहेको एउटा भन्दा बढी मोबाइल ल्याए १८ प्रतिशत भन्सार शुल्क लिने कानुनी व्यवस्था रहेछ । त्यसो गर्दा उपहार पठाउने, घरमा रहेका बाबु, आमा, श्रीमती र छोरा-छोरीलाई ल्याइदिने काम बन्द हुन थाल्यो । विदेशिएका नेपालीले पठाएको रेमिट्यान्सबाट चलेको देश र सरकारले उनीहरुलाई नै अप्ठ्यारोमा पार्न थालेपछि 'नो रेमिट्यान्स अभियान' चल्यो । त्यसपछि प्रधानमन्त्री प्रचण्डले 'पहिलेजस्तै गर्ने, विदेशिएका नेपालीले ल्याएको मोबाइल नखोस्ने, भन्सार शुल्क नलिने' भनेर आदेश दिए । पालन भएन त्यो । विदेशबाट आएका नेपालीले ल्याएका महँगा मोवाइल त्रिभूवन विमानस्थलमा खोसिन थाले । अर्थमन्त्रीलाई प्रधानमन्त्रीले सोधेछन् - एयरपोर्ट भन्सारले सरकारको निर्देशन किन पालन गरेन ? अर्थमन्त्रीले के जवाफ दिए, उनैलाई थाहा होला । तर पहिले अर्थमन्त्री भैसकेका चर्चित अर्थविद एवं नागरिक अगुवा डा. देवेन्द्रराज पाण्डेले 'किनभने तिम्ले 'निर्देशन' अर्थमन्त्रीलाई दिनु पर्थ्यो । अनि उनले कानुन सम्मत तरिकाले अर्थमन्त्रालयबाट मुलुकभरका सम्बन्धित भंसार नाकाहरुमा औपचारिक आदेश पठाउन/परिपत्र गर्न सक्थे' लेखेर जवाफ दिएका छन् ।*

*एउटा मोबाइल काण्डले हाम्रो सरकार वा मन्त्रीको कार्यशैली तथा कर्मचारीले पुरा गर्ने कर्तव्यका बारेमा राम्रैगरी उदाङ्गो पारिदिएको छ । त्यसैले डा. देवेन्द्रराज पाण्डेजस्ता विधि र प्रक्रिया बुझेका नागरिक अगुवाले भन्न परेको छ - आफ्नो जिम्मेवारी अन्तरगत पर्ने कर्मचारीहरु वा सरकारका निकायहरुलाई दिनुपर्ने आदेश आफ्नो कार्यालयमा बोलाएर नदिएर के को सार्वजनिक निर्देशन ? प्रचारबाजी बन्द गर । सार्थक कार्यहरु फटाफट गर । जन उपयोगी परिणाम फटाफट देखाऊ' । देखाउलान् वा नदेखाउलान् जनताले आफै थाहा पाउलान् । तर जे भैरहेको छ, त्यो साँच्चैको प्रचारबाजी मात्रै रहेछ भन्ने पारियो । कामचाहिँ पटक्कै भएन । आदेश एकातिर काम अर्कोतिर हुन पुग्यो । मन्त्री र कर्मचारीका बीचमा, अधिकार र कर्तब्यका बीचमा सन्तुलन, समन्वय, सहकार्य र समझदारी भएन, भएको देखिएन । तेश्रोपटक प्रधानमन्त्री भैसकेका प्रचण्डले विधि र प्रक्रिया नबुझेका होलान् भन्न सकिन्न, तर व्यवहारमा बुझेजस्तो देखिएन । आदेश कार्यान्वयन भएन । मन्त्री र प्रधानमन्त्रीले दिएका आदेश कार्यान्वयन नहुने अवस्थाले मर्यादा रहेन । दुःखद हो यो, सोचियोस् समयमै र सुखद नतिजा आउने निर्देशन जारी गरियोस् । जो समयमै लागु होस् र जनतामा सरकार एवं मन्त्रीको विश्वास पनि बढोस् ।*

*कर्मचारीले मन्त्रीलाई मानुन् । विधि र प्रक्रिया बुझेर मन्त्रीले पनि आदेश दिउन् । आदेशको कार्यान्वयन फटाफट होस् । नत्र जस्तो र जस्को सरकार बने पनि काम हुँदैन । राम्रो नतिजा निस्कँदैन । आजसम्म जे भयो सो गयो । अब त निर्वाचित सरकार र स्थायी सरकारका बीचमा विश्वास र विधि अनुसारको सुदृढ सम्बन्ध भएको व्यवहारमै देखिन पऱ्यो । अवज्ञा हुन भएन ।*

# बालकोटको बार्दली



यतिबेला सर्वाधिक चासो र उत्सुकताको विषय हो- दाहाल नेतृत्वको सरकारको स्थायित्व, स्थिरता र प्रभावकारिताको प्रश्न।

संयोग वा नियति जे मान्दा नि हुन्छ- आम निर्वाचन २०७९ को लक्ष्य थियो एउटा, परिणाम आयो अर्कै। त्यही पनि अनपेक्षित। निर्वाचन गराउने तात्कालीन सत्तापक्षको अपेक्षा र रणनीति गठबन्धनलाई बहुमत दिलाएर एमालेलाई राष्ट्रिय राजनीतिक भूमिकाबाट ओझेलमा पठाउने थियो। त्यसै पनि एमाले अध्यक्ष केपी शर्मा ओलीलाई बालुवाटार पटांगिनीबाट बालकोटको बार्दलीमा थचारेको मजाक उडाइँदै आइएको थियो परमादेशको उडानमा। परमादेशबाट प्राप्त हौसला, उन्माद र विश्वासको जगमा तिनै ओलीलाई निर्वाचनमार्फत 'लिलिपुट म्यान'मा रूपान्तरित गरिदिने अठोट र संकल्प केवल दिवास्वप्न मात्र थिएन, संयोगले सत्तो सिंहासनको चिट्ठा हात लगाउनेहरूका लागि हविकत नै थियो।

तर नियति (नेपाली जनता)लाई यो मञ्जुर भएन। परमादेश उन्मादमा व्यंग्य र उपहासको पर्याय तुल्याइएको 'बालकोटे बार्दली'ले नै उपहारस्वरूप अन्ततः यो देशलाई एक थान प्रधानमन्त्री दिनुपऱ्यो। यद्यपि यो उपहार राष्ट्र, जनता र विद्यमान राजनीतिक प्रणालीको निम्ति कति कामयाव हुन्छ वा कसैको रहर पुऱ्याएको मात्र ठहर्छ ? अहिल्यै अनुमान लगाउन गाह्रो छ र हतारो पनि हुन्छ। बालकोटे बार्दलीले बालुवाटार दरबारका लागि कोरलेका पात्रको स्थिरासन अभाव र बहुरूपी चेहरा कारण अनुमान लगाउन गाह्रो हुने नै भयो।

कांग्रेस नेतृत्वको सत्ता गठबन्धनलाई कम्तीमा पाँच वर्ष नत्र भने १५ वर्ष टिकाउने उद्घोषका साथ सम्पन्न आम निर्वाचनले धेरै धेरै अनपेक्षित र अनौठो परिणाम ल्याइदियो। पहिलो, गठबन्धन पाँच वर्षको सट्टा पाँच हप्ता पनि टिकेन। नटिक्नुको कारण कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका आजीवन अध्यक्ष पुष्पकमल दाहाल दुवैको चरम सत्तामोह तथा दुवैले अवलम्बन गर्दै आएको 'घिउ बेचुवा र तरबार बेचुवा' नीति तथा प्रवृत्ति हो। दोस्रो, परमादेशको जगमा निर्मित कांग्रेस नेतृत्वको सत्ता गठबन्धन संविधान र लोकतन्त्र रक्षाको नाममा ओलीविरोधी मोर्चा थियो तर नियति (नेपाली जनता)लाई गठबन्धन र उसको नारा हजम भएन। सत्ताको राप र तापमा पाँचदलीय सत्ता गठबन्धनले एक डल्लो बनेर चुनाव लडेको भए पनि नेपाली जनताले पत्याएनन्, बहुमत दिएनन्। अर्थात् ओलीमाथिको आरोपलाई नेपाली मतदाताले पत्याएनन्, मतमार्फत खारेज गरिदिए।

तेस्रो, कांग्रेसलगायत ठूला दलको भूमिकासँग नेपाली जनता सन्तुष्ट छैनन्। विकल्पको खोजीमा रहेको स्पष्ट सन्देश निर्वाचनमार्फत आयो। नेपाली जनता निरन्तरतासहितको परिवर्तनका पक्षधर रहेको तथ्यलाई माओवादी केन्द्र र मधेस केन्द्रित दलहरूको घटोत्तरी तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तिलस्मी प्रादुर्भावले पुष्टि गर्छ। राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) र रास्वपाको बढोत्तरीले केही महत्त्वपूर्ण राजनीतिक र संवैधानिक प्रश्न उब्जाएको छ। यस प्रश्नको उत्तर कांग्रेस र एमालेबाहेक अरूसँग छैन। र, अरूले यस प्रश्नको उत्तर दिने हैसियत र क्षमता पनि राख्दैनन्। समय र परिस्थितिले यस प्रश्नको उत्तरका लागि कांग्रेस र एमालेको संयुक्त भूमिकामा आधारित सहकार्य खोजेको छ। यो भूमिकामा उनीहरू अहिल्यै आउन आवश्यक थियो, आउन सकेनन्। ढिलोचाँडो आउनै पर्छ।

चौथो, नेपाली राजनीतिमा क्रियाशील दलमध्ये टुटफुट र पार्टी बाहिरका षड्यन्त्रका बाबजुद पनि तुलनात्मक रूपमा नेकपा (एमाले) लोकप्रिय रहेको तथ्य मत परिणामले देखायो। त्यस्तै, एमाले अध्यक्ष केपी शर्मा ओली अरू दलका शीर्ष नेताका तुलनामा सफल रणनीतिज्ञ र राजनीतिज्ञ प्रमाणित भएका छन्। कोही सहमत वा असहमत हुने कुरा आफ्नै ठाउँमा होला, ओली राष्ट्रिय दायित्वको गह्रौं भारीसहित राष्ट्रको एकमात्र जिम्मेवार अभिभावकको रूपमा उभिन पुगेका छन्। फलतः नैराश्यता र उदासीनताले मुर्झाएका नेपाली जनतामा नजानिँदो ढंगले नयाँ आशा पलाउन थालेको छ।

पाँचौं, निर्वाचनको परिणामबाट माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड कांग्रेस र एमालेको भूमिका परिवर्तनको माध्यम (कारक) बनेका छन्। उनकै भूमिकाको कारण प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल हुँदाहुँदै कांग्रेसले उसको पोल्टाको समेत गुमाउन पुगेको छ। नेतृत्वको रणनीतिक चातुर्य एवं कौशलताका कारण अनपेक्षित रूपमा आफ्नो भकारी भर्न एमाले सफल देखियो। परमादेशद्वारा कांग्रेस र देउवामा बहाल खुसी प्रचण्डमार्फत खोसिँदा एमालेको खोसिएको खुसीलाई निर्वाचनले फिर्ता दिएको छ। निर्वाचन परिणामपछिका घटना तथा परिघटनाले नेपाली कांग्रेस स्वयंको मेहनत परिश्रम वा बलबुताले भन्दा बढी परिबन्ध र संयोगले खाने दलजस्तो देखिन पुगेको छ।

छैटौं, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सत्ता र शक्ति हत्याउन अत्यन्त कुशल खेलाडी ठहरिएका छन्। २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा केवल ३२ सांसदको प्रतिनिधित्व भएको पार्टीका अध्यक्ष प्रधानमन्त्री बनाइन सफल हुनु चानचुने कुरा होइन। त्यसो त २०६३ सालमा शान्ति प्रक्रियामा आएपछिका १६ वर्षमा माओवादीबाट अध्यक्ष दाहाल तीन पटक र तात्कालीन उपाध्यक्ष डा. बाबुराम भट्टराई एक पटक गरी सो पार्टीले चार पटक प्रधानमन्त्री लिइसकेको छ। यो १६ वर्षमा बनेका १३ वटा सरकारमध्ये १० वटामा माओवादी सम्मिलित छ। बुझ्न नसकिएको गुत्थी केवल यत्तिमात्र हो कि माओवादी कुनै न कुनै रूप वा भूमिकामा निरन्तरजसो सत्तामा रहिआएको छ। तर पनि पार्टीलाई सत्ताको पोस भने लागिरहेको छैन, प्रतिदिन खिइँदै र होचिँदै जाँदो छ।

सातौं, कांग्रेस र एमालेबीच कार्यक्रमिक एकता वा सहकार्य भएको अवस्थामा बाहेक त्रिशंकु संसद्को कारण रास्वपा, राप्रपा, राजपा, जनमत र नागरिक उन्मुक्ति पार्टी राष्ट्रिय राजनीतिमा उनीहरूको हैसियतअनुसारको भूमिका रहन्छ नै। सरकारमा रहन तिनका सर्त र सरकारमा रहँदा निर्वाह गर्ने भूमिकाले उनीहरूको 'भोलि' निर्धारण गर्नेछ। राप्रपाबाहेक सत्तासीन नयाँ दलहरू समयको अग्नि परीक्षामा छन्, यसमा उनीहरू खरो उत्रिएमा भरपर्दा वैकल्पिक शक्तिहरूको प्रादुर्भाव हुनेछ। जनताको मन जितेर राष्ट्रिय राजनीतिमा दीर्घकालिक रूपमा स्थापित हुन उनीहरूका लागि यो अति राम्रो अवसर हो।

आजको मूलभूत प्रश्न, सरकारको स्थायित्व र स्थिरता तथा प्रभावकारिता नै हो। यसो हुँदा सरकार गठनमा विशेष भूमिका रहेका एमाले अध्यक्ष केपी ओलीको संकल्प र इच्छाशक्तियुक्त विशेष भूमिका र योगदान सर्वथा अपेक्षित छ।

सिंहदरबारले प्रधानमन्त्री पाइसकेको छ। अर्थ, गृह र भौतिक योजनाजस्ता प्रत्येक महत्त्वपूर्ण मन्त्रालयले उपप्रधानमन्त्रीको नेतृत्व पाइसकेका छन्। प्रधानमन्त्रीले संसद्बाट विश्वासको मत हासिल गर्नासाथ मन्त्रिपरिषद् गठनले पूर्णता पाउनेछ। सरकार गठनमा सकसको हल बालकोटको बार्दलीबाट भयो जसलाई प्रतिनिधिसभाले अनुमोदन गर्नेछ। संविधानसम्मत विधि र प्रक्रिया कुनै प्रतीक्षाका विषय होइनन्। यस घडीको सर्वाधिक चासो र उत्सुकताको विषय हो- दाहाल नेतृत्वको वर्तमान सरकारको स्थायित्व, स्थिरता, सफलता र प्रभावकारिताको प्रश्न। यो प्रश्न ज्वलन्त बन्नु पछाडिका कारणमा त्रिशंकु संसद्, स्वयं प्रधानमन्त्रीको अस्थिर स्वभाव र प्रवृत्ति, सांसद र दलहरूमार्फत बाह्य शक्ति(हरू) को खेलाइ तथा सूक्ष्म व्यवस्थापनमा समेत उनीहरूको चाख एवं अनौपचारिक हस्तक्षेप आदि छन्। यी कारणहरूलाई पृष्ठभूमिमा धकेल्दै अघि बढ्ने प्रधानमन्त्री आजको खाँचो हो। यसै आलोकमा प्रधानमन्त्री दाहाललाई हेर्नुपर्ने हुन्छ। यी कुराका अलावा नेपाली राजनीतिमा त्रिशंकु संसद् र गठबन्धन सरकारको छाप सकारात्मक छैन। दाहाल र ओली दुवै जना यी विषयमा अनभिज्ञ छैनन्।

वर्तमान सरकारका जन्मदाता एमाले अध्यक्ष ओली हुन्। यस मानेमा गठबन्धनको नेतृत्व गर्ने प्रमुख पार्टीको अध्यक्ष र सरकार गठनमा कारक तत्त्व भएका नाताले दाहाल सरकारको सफलता/असफलताको श्रेय वा दोष सीधै ओलीसँग जोडिन आउँछ। सत्ता गठबन्धनभित्रका अन्य पनि कतिपय महत्त्वपूर्ण नीति र कार्यक्रम तथा सहमति-समझदारीबारे श्वेतपत्र नै जारी होला। सरकार पनि चल्ला। तर आजको मूलभूत प्रश्न, सरकारको स्थायित्व र स्थिरता तथा प्रभावकारिता नै हो। यसो हुँदा सरकार गठनमा बिशेष भूमिका रहेका एमाले अध्यक्ष केपी ओलीको संकल्प र इच्छाशक्तियुक्त विशेष भूमिका र योगदान सर्वथा अपेक्षित छ। यद्यपि प्रधानमन्त्रीय प्रणालीमा संविधानतः राज्य सञ्चालनको सम्पूर्ण दायित्व प्रधानमन्त्रीको हो। दुईतिहाइ नजिकको बहुमतीय प्रधानमन्त्रीको भूमिका निर्वाह गर्न खोज्दा केसम्म भएको थियो भन्ने निकट अतीतको इतिहासका भोक्ता स्वयं ओली नै हुन्।

नेपालको अर्थतन्त्र समस्यामा छ। समस्या बढ्ने अवस्थामा छ। आन्तरिक आयले मासिक तलबभत्ता व्यहोर्नसमेत अपुग भइसकेको छ। यो सामान्य कुरा होइन। कार्यपालिका, न्यायपालिका र विधानपालिकाबीचको शक्ति सन्तुलनको अवस्था बिग्रँदो छ। राज्य प्रणालीका यी तीनवटै अंग एकअर्का विरुद्धका मोर्चाबन्दीमा छन्। यो मोर्चाबन्दी सिंहदरबार हुँदै प्रदेश तहलाई छिचोल्दै पालिकाहरूका वडासम्म पुगिसकेको छ। भ्रष्टाचार, कामचोर प्रवृत्ति, दण्डहीनता र अराजकता मौलाएको छ।

संघीयता कार्यान्वयनको क्रममा शक्ति र अधिकारको विकेन्द्रीकरण हुँदा सिंहदरबार केन्द्रित भ्रष्टाचारको पनि विकेन्द्रीकरण भएर प्रदेशहरू हुँदै पालिकाका वडातहसम्म पुगेको अवस्था छ। नीतिगत रूपमा राजनीतिक नेतृत्वले यी विकृति र विसंगतिमा मलजल पुऱ्याउँदै रहेको आजको यथार्थ हो। देशमा धनी र गरिबबीचको खाडल फराकिँदै र गहिरिँदै गएको छ। यही कारण राष्ट्रले अवलम्बन गरेको आर्थिक प्रणालीको मूल्यांकन एवं समीक्षाका आधारमा सुधार आवश्यक भइसकेको छ।

यसैगरी संवैधानिक निकाय र अंगहरूले संविधानले निर्दिष्ट गरेका दायित्व तथा भूमिका स्वतन्त्र ढंगले निर्वाह गर्न पाइरहेका छैनन्। उनीहरूमध्ये कतिपय चरम दलीयकरणको चंगुलमा परेका छन् भने कार्यकारीको हस्तक्षेपमा परेर कैयौं अधकल्चा जस्तै बनेका छन्। प्रधानमन्त्री कार्यालय मातहतमा राखिएको कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राजस्व अनुसन्धान विभागले संविधानले निर्दिष्ट गरेका दायित्व र भूमिका खेल्न सकिरहेका छैनन्। यस्तै, सम्पत्ति शुद्धीकरण, राष्ट्रिय अनुसन्धान विभाग, राष्ट्रिय योजना आयोग, लगानी बोर्ड, सार्वजनिक खरिद अनुगमन कार्यालय, नेपाल ट्रस्टको कार्यालय, गरिबी निवारण कोषजस्ता अंग र निकाय पनि सोही अवस्थामा छन्।

दिनदहाडै स्वतन्त्र न्यायपालिकाको चीरहरणको घटना तात्तातै छ। वर्तमान सरकारका निर्माता एमाले अध्यक्ष ओलीले गठबन्धनको नेतृत्व गर्ने ठूलो दलको नाताले उल्लिखित राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकृति एवं विसंगतिविरुद्ध जुध्ने साहस र हिम्मत गर्नुपर्छ। संघीय तथा प्रदेश सरकारहरू चलाउने र टिकाउने नाममा राष्ट्र र जनताले धान्न र थाम्न नसक्ने गरी कसैसँग कुनै सम्झौता वा सहमति अब बर्जित छ। नेता ओली आफ्नो पछिल्लो सत्ता बहिर्गमन यताका अवधिका जात्रा मात्रा र घटनाका साक्षी र भोक्ता दुवै हुन्। प्रदेश सरकार सञ्चालनमा हिजो अवलम्बित विकृति र विसंगतिको पुनरावृत्तिलाई पूर्ण निषेध गर्ने हिम्मत र आँट हुनुपर्छ।

यसो गर्दा वर्तमान सत्ता गठबन्धन टुट्छ नै भने पनि यसका निम्ति संसद्भित्रको शक्ति सन्तुलनको मध्यनजर विकल्पसमेत तयार गरेर सामनाको निम्ति तत्पर हुनुपर्छ। लत्रिने वा सम्झौता गर्ने छुट छैन। गठबन्धनका दल र सरकारलाई यही लक्ष्य र उद्देश्य प्राप्तिको लागि विशेष नीति र कार्यक्रमका आधारमा परिचालित तथा निर्देशित गर्नुपर्छ। ता कि राष्ट्र र जनतालाई विकृति र विसंगतिको चक्रव्यूहबाट बाहिर निकाल्ने कार्यको शुभारम्भ गर्न सकियोस्। अनिमात्र बालकोट बार्दलीको सत्तायात्राले औचित्य र सार्थकता पुष्टि गर्छ।

# प्रधानाध्यपक शर्मा माथि कुटपिट



**सनिउल्ला धोबी**

कपिलवस्तु २० पुस

कपिलवस्तुको कृष्णनगर नगरपालिका ७ स्थित माध्यमिक बिद्यालय अजिगराका प्रधानाध्यपक राधेकृष्ण शार्मा माथि कुटपिट भएको छ। विहान विद्यालय आउदँा विद्यालयका पुर्व प्रधनाध्यपक परिपूर्णानन्द मिश्रको कान्छो भाई अन्नपुर्ण मिश्राले प्रधानाध्यपक शर्मा माथि कुटपिट गरेको प्रहरी चौकी कर्माले जनाएको छ।

कृष्णनगर नगरपालिकाले राहत शिक्षक परिपूर्णानन्द मिश्रलाई प्रधानाध्यकको जिम्मेवारीबाट हटाएको थियो। नगरपालिकाले केही दिन पहिले माध्यमिक बिद्यालय अजिगराको प्रधानाध्यपक पदको जिम्मेवारी राधेकृष्ण शर्मालाई दिएको थियो।

माध्यमिक विद्यालय स्थायी शिक्षकको रुपमा कार्यरत शर्मालाई नगरपालिकाले प्रधानाध्यपकको रुपमा कामकाज गर्न निर्देशन दिएको छ । नव नियुक्त प्रधनाध्यपक राधेकृष्ण शर्मा विद्यालय प्रवेशमा रोक लगाउने नियतले कुटपिट तथा हातपात गरेको स्थानिय कमलेश गुप्ताले जानकारी दिनुभयो।

प्रधनाध्यपक शर्माले आफुमाथि हातपात गर्ने परिपूर्णानन्द मिश्रको कान्छो भाई अन्नपुर्ण मिश्रालाई कडा भन्दा कडा कार्वाहीको माग गर्नु भयो।

इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरिक्षक शैलेन्द्र पाण्डेयका अनुसार कृटपिट गर्ने विरुद्ध जाहेरी आए पछि उचित छानविन गर्ने बताउनुभयो। विहान घटना थाहा पाउने वित्तिक्कै प्रहरी टोली अजिगरा पठाएको र घटना बार अनुसान्धान जारी राखेको प्रहरी निरिक्षक पाण्डेयले जानकारी दिनुभयो।

# लुम्बिनी चिनी उद्योगः स्थानीयद्वारा तालाबन्दी



नवलपरासी २० पुस

पश्चिम नवलपरासीको सुनवलमा रहेको लुम्बिनी चिनी उद्योगमा स्थानीयले तालाबन्दी गरेका छन् । उद्योगले प्रदूषण फैलाएको भन्दै स्थानीयले तालाबन्दी गरेको हो। एक हप्तादेखि सञ्चालनमा आएको लुम्बिनी चिनी उद्योगले स्थायिनसँग गरेको सहमति विपरित उद्योगमा इन्धनको रुपमा धानको भुस प्रयोग गरी सुनवलको बजार क्षेत्रमा व्यापक रुपमा धुलो उडाएको, उद्योग सञ्चालन पूर्व उद्योग क्षेत्रको सरसफाई नगरेको लगायतका विषयको सुनवाइ उद्योग सञ्चालकले नगरेको भन्दै स्थानीयवासीको समूहले उद्योगको मुल गेटमा तालाबन्दी गरेको सुनवल-१ का स्थानीयवासी दीपक खनालले बतउनुभयो।

गत सोमबारदेखि सञ्चालमा आएको लुम्बिनी चिनी उद्योगले सञ्चालनका क्रममा भट्टीमा आगो बाल्नका लागि धानको भुस प्रयोग गरेको थियो। धानको भुसले बालेपछि उद्योगको चिम्नीबाट जलेको खरानी सुनवल क्षेत्रका बजारमा व्यापक रुपमा उडेको थियो । कालो खरानी उडेर घर, खेत र बजारका पसलहरुमा समेत कालो फैलिएपछि स्थानियवासीले विरोध गर्दै आएका थिए। उद्योगले सो समस्या हल गर्न माग गर्दासमेत सुनवाइ नभएपछि सुनवल नगरपालिकाका स्थानियवासीको एउटा समूहले मङ्गलबार दिउँसोदेखि उद्योगको मूल गेटमा तालाबन्दी गरेका छन्।

# बुद्धभूमिमा राष्ट्रपति रनिङ शिल्ड



कपिलवस्तु २० पुस

कपिलवस्तुको बुद्धभूमि नगरपालिकामा राष्ट्रपति रनिङ शिल्ड र मेयर कप प्रतियोगिता सुरु भएको छ। कपिलवस्तु क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य सुरेन्द्रराज आचार्यले मंगलबार प्रतियोगिताको उद्घाटन गर्नुभएको हो । स्वास्थ्य, शिक्षा, रोजगार जस्ता आधारभूत आवश्यकतालाई कागजमा होइन व्यवहारमा लागु गर्नु पर्ने प्रतिनिधि सभा सदस्य आचार्यले बताउनुभयो। उहाँले बुद्धभुमि नगरपालिकामा रङ्गशाला निर्माणका लागि पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

खेल क्षेत्रसँगै सांस्कृतिकलाई पनि विशेष ध्यान दिनु पर्ने प्रदेश सदस्य नवराज लामिछानेले बताउनुभयो । नगरपालिकाले ६ करोड लगानीको रङ्गशाला निर्माणका लागि पहल गरेको र यसको डिभिआर तयार भइसकेको नगर प्रमुख केशव कुमार श्रेष्ठले बताउनुभयो । त्यसका लागि सङ्घीय र प्रदेश सरकारसँग माग समेत गरिएको बताउनुभयो। राष्ट्रपति रनिङ शिल्डमा १८ विद्यालयका विद्यार्थी तथा मेयर कप फुटबलमा सात वडाका सातै टोलीको सहभागिता रहेको छ। प्रतियोगिता पुस २३ गतेसम्म चल्ने छ।

# मापसे गर्ने ३६१ चालक कारवाहीमा



कपिलवस्तु २० पुस

कपिलवस्तुमा पछिल्लो ४ महिनामा मापसेगरी सवारी साधन चलाउने ३ सय ६१ चालकलाई ट्राफिक प्रहरीले कारवाही गरेको छ। मापसे गरी सवारी साधन चलाउन निरुत्साहित गर्न चलाएको अभियानमा सो कारवाही गरिएको प्रहरीको भनाइ छ।

मापसे गर्ने चालकलाई पहिलो पटक एक हजार रुपियाँ जरिवाना गरिएको प्रहरीको भनाइ छ। जरिवाना गरेर भएपनि चालकलाई मापसे नगर्नेतर्फ सचेत गराउने प्रहरीले जनाएको छ । मापसे गरी सवारी साधन चलाउनेमा सबैभन्दा धेरै मोटरसाइकल चालक छन् । २ सय १८ मोटरसाइकल चालक मापसेमा परेका थिए। यसैगरी ३७ ट्रक चालक, ९० कार, १८ अटोरिक्सा चालक र ५ जना ट्र्याक्टर चालक रहेका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्षमा १० हजार बढीलाई प्रशिक्षण गराएको छ । सवारी दुर्घटना न्यूनीकरणका लागि सचेतना गराउने उद्देश्यले सञ्चालित अभियानमा सर्वसाधरण बटुवा, स्कुल तथा क्याम्पसमा अध्ययनरत विद्यार्थी र सवारी साधनका कर्मचारी रहेको कार्यालय प्रमुख योगेन्द्र तिमिल्सीनाले बताउनुभयो । सडकको अवस्था साघुरो भएका कारणले पैदलयात्रु दुर्घटना जोखिम बढ्दैगएकाले यस पटक बटुवालाई समेत प्राथमिकता दिएको प्रहरीको भनाइ छ।




# सिजल माओवादी केन्द्रमा प्रवेश

वुटवल २० पुस

लुम्बिनी प्रदेश सभाका सदस्य दिपेन्द्र कुमार पुनमगर 'सिजल' पुनः नेकपा (माओवादी केन्द्र)मा फर्किनुभएको छ। उहाँलाई सो पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुनः पार्टीमा प्रवेश गराउनुभएको हो । मङ्सिर ४ गते सम्पन्न संघ र प्रदेश सभाको निर्वाचनमा रोल्पा १ (ख) मा गठबन्धनको तर्फबाट नेपाली कांग्रेसलाई दिने निर्णयविरुद्ध उहाँले पार्टी परित्याग गरेर स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो।



जनयुद्धको घाइतेसमेत रहनुभएका उहाँ यसअघि पार्टीको पोलिट्ब्युरो सदस्य र रोल्पा जिल्ला इञ्चार्जको रुपमा कार्यरत हुनुहुन्थ्यो । उहाँलाई पार्टीका उपमहासचिव तथा रोल्पाका प्रतिनिधिसभाका सदस्य वर्षामान पुनको सक्रियतामा पार्टी प्रवेश गराउनुभएको हो । उहाँको राजीनामालाई सो पार्टीले स्विकृत गर्दै सबै जिम्मेवारीबाट निष्कासन गरेको थियो। तर स्वतन्त्र उम्मेदवार बन्नुभएका उहाँले लुम्बिनी प्रदेश सभा सदस्यमा अत्यधिक बहुमतले विजयी हुनुभएको थियो।

**कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठान**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि
प्रबन्ध निर्देशकः **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादकः **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही



कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि
प्रबन्ध निर्देशकः लक्ष्मण बेल्बासे, अतिथि सम्पादकः नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौ, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।

**सत्यदेवा केसर उद्योग प्रा.लि. परिवार**
बुद्धभूमी नगरपालिका- चंद्राट, कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।

**ओकारनाथ शुक्ला**
संचालक
**निधि कन्सट्रक्सन प्रा.लि. परिवार**
कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।

**प्रताव गिरी**
संचालक
**तावाश्री निमार्ण सेवा प्रा.लि परिवार**
बाणगंगा नगरपालिका -७ वनगाई कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।

**अनन्त कुमार खड्का**
संचालक
**शिवराज नगरपलिका परिवार**
शिवराज नगरपलिका कपिलवस्तु

हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाड **विजया दशमी, शुभ दिपावली तथा छठ पर्व** को पावन अवसरमा हाम्रा निर्माण व्यवसायी, व्यापारी, ग्राहकवर्ग शुभेच्छुक, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** ब्यक्त गर्दछौं ।

**ईश्वर चन्द्र गुप्ता**
संचालक
**रिन्कु कन्सट्रक्सन सेवा प्रा.लि परिवार**
कपिलवस्तु नगरपालिका- १ तौलिहवा, कपिलवस्तु

**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही

# न्यु श्री शिव शंखर दुवानी सेवा

## शिवराज न.पा.-५, चन्द्रौटा, कपिलवस्तु

पत्र संख्याः
चलानी नं.ः

मितिः ..........................

श्री जो जस सँग सम्बन्ध छ।

विषयः आम्दानी प्रमाणित गरिएको बारे।

प्रस्तुत विषय सम्बन्धमा बाणगंगा न.पा.-४, कपिलवस्तु निवासी श्री खम बहादुर क्षेत्री ले यस संस्थाको ठुलो सवारी साधन ट्रक ड्राईभरको रुपमा २०७८/१२/०१ बाट काम गर्दै आएको जानकारी गराउदै निजले मासिक रुपमा तलव र भत्ता गरि रु. ८१०००/- (अक्षरुपी एकासी हजार मात्र) नगत प्रप्त गनेकुरा जानकारी गराउँदछु।

सम्पर्क नं.: ९८५७०१४३५२

न्यु श्री शिव शंखर दुवानी सेवा



कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही